जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाह्नु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २५७ पृष्ठः ४ | २०८२ माघ २१ बुधबार (Wednesday 04 Feb. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## प्रादेशिक अस्पताल सिरहाका २ पूर्वप्रमुखसहित १० जनामाथि भ्रष्टाचार मुद्दा दायर

**अस्पतालमा बिरामीबाट संकलन भएको रकममध्ये ३८ लाख ७७ हजार ७ सय २४ रूपैयाँ सरकारी खातामा जम्मा नगरी मिलेमतोमा उनीहरूले भ्रष्टाचार गरेको दाबी अख्तियारको छ।**

**विनय आजाद**




सिरहा, २० माघ। सिरहास्थित प्रादेशिक अस्पतालका दुई पूर्वप्रमुखसहित १० जनामाथि भ्रष्टाचार मुद्दा दायर भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मंगलबार विशेष अदालतमा उनीहरूमाथि भ्रष्टाचार मुद्दा दायर गरेको हो। अख्तियारले भ्रष्टाचार मुद्दामा तत्कालीन मेसु डा. नागेन्द्रप्रसाद यादव, डा. सरोज यादव, प्रशासन प्रमुख अशोक सिंह, लेखा प्रमुख अशोक यादव, अहेव श्यामकुमार मण्डल, सहायक कम्प्युटर अपरेटरहरू पूजाकुमारी यादव, सरस्वतीकुमारी यादव, रोशन यादव, अजय मण्डल र लेखा प्रमुख मृतक मुस्कान मण्डललाई प्रतिवादी बनाएको छ।

अस्पतालमा बिरामीबाट संकलन भएको रकममध्ये ३८ लाख ७७ हजार ७ सय २४ रूपैयाँ सरकारी खातामा जम्मा नगरी मिलेमतोमा उनीहरूले भ्रष्टाचार गरेको दाबी अख्तियारको छ। अस्पतालको बिलिङ सफ्टवेयरमा आम्दानी भएको रकम देखिए पनि बैंक भौचरमा सोहीबमोजिमको रकम जम्मा गरिएको नभेटिएको आयोगले जनाएको छ। आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार, आर्थिक वर्ष २०८०/०८१ मा अस्पतालका विभिन्न ८ वटा काउन्टरबाट कुल ३ करोड ८७ लाख ६६ हजार ९ सय ७४ रूपैयाँ ८३ पैसा संकलन भएकोमा अस्पतालको अभिलेखमा ३ करोड ४८ लाख ८९ हजार २५० रूपैयाँ मात्र दाखिला भएको पाइएको छ। अख्तियारले बिगो असुल उपरसहित उनीहरूलाई बिगो बराबरको जरिवाना र कैद गर्नसमेत अदालतसँग माग गरेको छ।

## सिरहा–३ मा बहुपक्षीय प्रतिस्पर्धा


सुभाष यादव, कांग्रेस


लीलानाथ श्रेष्ठ, एमाले


विश्वनाथ साह, नेकपा


शम्भु यादव, रास्वपा


अशेश्वर यादव, जसपा नेपाल


रोहित महतो, जनमत

सिरहा, २० माघ। आगामी फागुन २१ गतेको प्रतिनिधि सभाको निर्वाचनमा सिराहा निर्वाचन क्षेत्र नं. ३ मा बहुपक्षीय प्रतिस्पर्धा हुने देखिएको छ। नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी, नेपाली कांग्रेस र जनता समाजवादी पार्टी नेपालका उम्मेदवारबिचमा नै प्रतिस्पर्धा हुने स्थानीय सचेत मतदाताको भनाइ छ। २०७९ सालको निर्वाचनमा पूर्वमन्त्रीसमेत रहेका नेकपा (एमाले) का केन्द्रीय सदस्य लीलानाथ श्रेष्ठले पूर्वमन्त्री तत्कालीन नेकपा (माओवादी केन्द्र) का उम्मेदवार विश्वनाथ साहलाई एक हजार १८२ मतले पराजित गरी निर्वाचित हुनुभएको थियो।

नेकपा (एमाले), जनता समाजवादी पार्टीबिचको गठबन्धनका उम्मेदवार श्रेष्ठ रहनुभएको थियो। माओवादी केन्द्रका उम्मेदवार साहलाई नेपाली कांग्रेस, तत्कालीन नेकपा (एकीकृत समाजवादी) को समर्थन रहेको थियो। यस पटकको निर्वाचनमा जनता समाजवादी पार्टी नेपालबाट अशेश्वर यादव र नेपाली कांग्रेस पार्टीबाट सुभाषचन्द्र यादव, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का शम्भु यादव र जनमत पार्टीका रोहित महतोको उम्मेदवारीले बहुपक्षीय प्रतिस्पर्धा हुने देखिएको छ।

गोलबजार र सिरहा नगरपालिका, नरहा र विष्णुपुर गाउँपालिका र अर्नमा गाउँपालिका रहेको यस क्षेत्रमा यसअघिको निर्वाचनमा नेपाली कांग्रेस, नेकपा (एमाले) ले जित हासिल गर्दै आइरहेको थिए। यस पटक यस क्षेत्रमा स्वतन्त्रसहित ४१ उम्मेदवार चुनावी मैदानमा उत्रिए पनि प्रमुख पुरानो दलका पुरानो अनुहार र नयाँ दलका नयाँ अनुहार भएका उम्मेदवारबिचमै प्रतिस्पर्धा हुने शिक्षक राजकिशोर यादवको भनाइ छ। उनका अनुसार आफ्नो दलको असली हैसियत देखाउने चुनावी प्रतिस्पर्धाका रूपमा यो चुनावलाई लिइएको छ। उहाँले नेपाली कांग्रेस पार्टीमा आन्तरिक एकता सिराहामा देखिएकाले नेपाली कांग्रेस यस पटक बलियो रहेको बताउनुभयो।

कृषि सडक निर्माण, शिक्षामा सुधार, सीमा सुरक्षा, व्यापार प्रवर्धन

**–बाँकी तीन पेजमा**

## फिरौती असुल्ने गिरोहका दुई सदस्य सिरहामा पक्राउ

सिरहा, २० माघ। भारतको बिहारमा जागिरको प्रलोभन देखाएर नेपाली युवकलाई बन्धक बनाई रकम असुल्ने गिरोहका दुई सदस्यलाई सिरहा प्रहरीले पक्राउ गरेको छ। कल्याणपुर नगरपालिका–७ भेडियाका २६ वर्षीय सुरज मुखिया र लहान नगरपालिका–११ पररिया चोकका २२ वर्षीय प्रशान्त चौधरीलाई प्रहरीले नियन्त्रणमा लिएको हो।

घटनाको विवरण अनुसार प्रतिवादीहरूले कल्याणपुर–७ का २८ वर्षीय रिशकेश कुमार मरिकलाई अनलाइनमार्फत सम्पर्क गरी भारतको गयास्थित एक कन्स्ट्रक्सन कम्पनीमा राम्रो काम लगाईदिने प्रलोभन देखाएका थिए। गत पुस २० गते मरिकलाई भारतको बोधगया पुऱ्याएर एउटा होस्टलमा बन्धक बनाइएको थियो। त्यहाँ उनको मोबाइल र शैक्षिक प्रमाणपत्र खोसेर कोठामा थुनी कुटपिट तथा मानसिक यातना दिइएको थियो। ज्यान मार्ने धम्की दिँदै उनीहरूले मरिकको परिवारबाट क्युआर कोड र बैंक खातामार्फत २ लाख १७ हजार २०० रुपैयाँ असुलेका थिए भने मरिकसँग रहेको नगद ३० हजार भारु समेत लुटेका थिए।

बन्धक बनाइएको ठाउँबाट तालिमका नाममा आपराधिक क्रियाकलाप सिकाउन थालेपछि मरिक ज्यान जोगाएर नेपाल भाग्न सफल भएका थिए। उनले माघ १५ गते जिल्ला प्रहरी कार्यालय सिरहामा जाहेरी दिएपछि प्रहरीले खोजतलास तीव्र पारेको थियो। सोही क्रममा सुरज मुखियालाई माघ १६ गते कल्याणपुरबाट र प्रशान्त चौधरीलाई माघ १७ गते लहानबाट पक्राउ गरिएको सूचना अधिकारी

**–बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## मतदान गर्ने अधिकारको प्रयोग गरौं।

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं।
- मतदानको समयमा विवेकको प्रयोग गरौं।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं।
- निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## ढुंगाबालुवाको खुला लुट

नेपालमा राजनीतिक सङ्क्रमण अपेक्षाकृत छिटो हुने गरेको छ भने परिवर्तनकालमा कालाबजारी, तस्करी र प्राकृतिक स्रोतको अवैध दोहन मौलाउँदै जाने चिन्ताजनक परम्परा नै बसेको छ। जेनजी आन्दोलनपछिको तरल राजनीतिक अवस्थालाई प्रयोग गर्दै असामाजिक तत्त्व फेरि सक्रिय देखिन थालेका छन्। यसको पछिल्लो उदाहरण मधेस प्रदेशमा बढ्दो ढुंगाबालुवा चोरी र तस्करी हो।

मधेस प्रदेशमा सामान्य अवस्थामै अपराधको दर अपेक्षाकृत उच्च रहने गरेको छ। त्यसमाथि चुनावी समयको व्यस्तता, राजनीतिक दलहरूको ध्यान मत तान्नमा केन्द्रित हुनु र प्रशासनको शिथिलता अवैध कारोबारका लागि उर्वर भूमि बन्छ। जीतपुर सिमरा उपमहानगरमा देखिएको नदीजन्य पदार्थको अवैध उत्खनन सम्भवतः देशभर फैलिएको प्रवृत्तिको एउटा प्रतिनिधि उदाहरण हो। नेपालको इतिहास हेर्दा राजनीतिक सङ्क्रमण र प्राकृतिक स्रोत दोहनको सम्बन्ध पञ्चायतकालदेखि नै जोडिएको पाइन्छ। विसं २०३७ सालमा जनमत सङ्ग्रहका बेला भएको वन फडानी त्यसको ज्वलन्त उदाहरण हो। त्यसयता दुईपटक राजनीतिक व्यवस्था फेरिए पनि स्रोत लुट्ने कुसंस्कार भने उस्तै छ। आज वनको सट्टा ढुंगाबालुवा लुटिन थालेको छ तर प्रकृति एउटै हो।

यो अवैध कारोबार स्थानीय बाहुबली, क्रसर व्यवसायी र कतिपय जनप्रतिनिधिकै संरक्षणमा सञ्चालन हुने गरेको आरोप छ। प्रहरी प्रशासन र निर्वाचित प्रतिनिधिको मौन संयोग नभएर मिलेमतोको आशंका बलियो बनाउने आधार हो। भोट बिच्किने डर र आर्थिक स्वार्थले कानुनलाई थन्क्याइएको हुनुपर्छ। विडम्बना, चुनावी सरकार र व्यापक रूपमा परिचालित सुरक्षा संयन्त्रसमेत यस लुटतन्त्रलाई रोक्न असफल देखिए। यसरी प्राकृतिक स्रोतको विनाश भइरहँदा देशले तत्काल आर्थिक क्षतिमात्र होइन भविष्यको निर्माण सम्भावनासमेत गुमाउँदैछ। विश्वव्यापीरूपमा निर्माण सामग्रीको अभाव चर्किंदै जाने प्रक्षेपण भइरहेका बेला नेपालले आजै सचेत नहुने हो भने भोलि चर्को मूल्य चुकाउनुपर्छ।

यसैले ढुंगाबालुवालगायत प्राकृतिक स्रोतको अवैध दोहन रोक्नु कानुनी दायित्वमात्र नभएर भावी पुस्ताप्रतिको जिम्मेवारी पनि हो। संघ सरकारले स्थानीय प्रशासनमाथि कडाइ गर्दै राजनीतिक लाभहानिभन्दा माथि उठेर कारबाही गर्न सकेमात्र राज्यप्रतिको विश्वास जोगिन सक्छ।

# एक अर्ब सकियो, धारामा पानी आएन

**सुरेन्द्रकुमार कामती**



सिरहा, २० माघ। मध्य गर्मी सुरु भएपछि मधेश प्रदेशका जिल्लाहरूमा बर्सेनि खानेपानीको हाहाकार हुन्छ। गएको जेठमा प्रदेशको आर्थिक केन्द्र वीरगन्जदेखि राजविराजसम्म अनि राजधानी जनकपुरदेखि ग्रामीण बस्तीहरूसम्म खानेपानी अभाव भएपछि प्रदेश र स्थानीय सरकारको समन्वयमा बारुण यन्त्रबाट खानेपानी वितरण गरियो। चुरे दोहन, नदीहरूमा बढ्दो उत्खनन, भूमिगत पानीको सीमापारबाट समेत हुने अत्यधिक दोहनका कारण मधेश प्रदेशमा केही दशकदेखि खानेपानीको अभाव हुन थालेको हो।

सन् २०३० भित्र हरेक नेपालीलाई स्वच्छ खानेपानी पुर्‍याउने सरकारी लक्ष्यमा सहयोग गर्न विश्व बैंकले २७ असार ०७१ मा २० मिलियन अमेरिकी डलर अनुदान र ५० मिलियन अमेरिकी डलर ऋण सहयोगको सम्झौता गरेको थियो। विश्व बैंक समूहअन्तर्गतको अन्तर्राष्ट्रिय विकास संघ (आइडिए)मार्फत नेपालमा ग्रामीण खानेपानी तथा सरसफाइ सुधार आयोजना कार्यान्वयनका लागि यो रकमबाट अन्य प्रदेशसँगै मधेश प्रदेशका आठ जिल्लामा खानेपानी, सरसफाइ र स्वच्छता अभियान सुरु गरियो। मधेशमा ग्रामीण खानेपानी तथा सरसफाइ कोष समिति (फन्डबोर्ड)मार्फत ०७२/७३ मा सुरु भएको खानेपानी परियोजना १० वर्ष बितिसक्दा पनि पूरा भएको छैन। खानेपानी तथा ढल व्यवस्थापन विभाग, फन्डबोर्ड र कार्यक्रम कार्यान्वयन गर्ने इकाइको कमजोरीका कारण करिब एक अर्ब खर्चमा बनाइएका खानेपानी आयोजना अलपत्र छन्।

पानी आपूर्तिका लागि बनाइएका १२५ भन्दा बढी चारपाटे ओभरहेड खानेपानी ट्यांकीमा फन्डबोर्डको लगानी र उपभोक्ताको श्रमदान गरी सरदर ७० लाखदेखि ८० लाखसम्म खर्च भएको छ। मधेश प्रदेश आर्थिक सर्वेक्षण ०८१/८२ मा प्रदेशका ११ लाख ५६ हजार ३८३ परिवारमध्ये ७१.८ प्रतिशत परिवारले ट्युबवेल/हातेपम्पबाट, २२.६ प्रतिशतले धारा/पाइप (घरपरिसरभित्र र बाहिरसमेत) बाट, १.२ प्रतिशतले मूल धाराबाट, ०.७ प्रतिशतले ढाकिएको इनार/कुवाबाट र ०.२ प्रतिशतले जार/बोतलबाट खानेपानी प्राप्त गरिरहेको उल्लेख छ। त्यस्तै, खुला इनार कुवाबाट २.२ प्रतिशत, नदी/खोलाबाट ०.१ प्रतिशत तथा अन्य स्रोतबाट पानी उपभोग गर्नेको संख्या १.२ प्रतिशत छ।

**अधुरो आयोजना**

सिरहाको कल्याणपुर नगरपालिका– ८ को आधारभूत विद्यालय मझौलिया छेउको मुसहर बस्तीका बासिन्दाको मुख्य पेसा दैनिक ज्याला–मजदुरी हो। खानेपानीका लागि उनीहरूले समय निकालेर स्कुल हाताको चापाकलबाट पानी बोक्नुपर्छ। जबकि वर्षौंदेखिको खानेपानीको समस्या टार्न फन्डबोर्डको सहयोगमा बस्तीनजिकै खानेपानीको ओभरहेड ट्यांकी र बस्तीबिचमा सामूहिक धारो बनाइएको छ, तर धारामा पानी आउँदैन। कल्याणपुर, ८ अरंगमा खानेपानीका दुईवटा ओभरहेड ट्यांकी बनाइएको छ। स्थानीय मोहम्मद तेजाका अनुसार बोरिङबाट निकालिएको पानीमा बालुवा आएपछि ट्यांकी अलपत्र छ। घरमा पानी नआएपछि साहुसँग ४० हजार ऋण काढेर चापाकल गाड्न बाध्य भएको बताउँछन्, किथबोलिया पासमान।

मझौलिया, अरंग र जयपुरका आयोजनामा फन्डबोर्डको आर्थिक तथा ग्रामीण सामुदायिक विकास केन्द्र (आरयुसिसी/डब्लुटिवाइसी) धनुषाले प्राविधिक सहयोग गरेको छ। मझौलिया र अरंगमा ट्यांकी बनाइएको छ भने जयपुरमा बोरिङ धसाएर छाडिएको छ। जयपुरमा ओभरहेड ट्यांकी निर्माण नहुँदा पाइप र अन्य सामग्री इलाका प्रहरी कार्यालय कल्याणपुर र अरंग खानेपानी उपभोक्ता समितिका अध्यक्ष रामचन्द्र साहको घरमा थुपारिएको छ। कुनै पनि आयोजनाबाट यहाँका स्थानीयले सफा पानी पाएका छैनन्। २१५ घरधुरीलाई लक्षित गरी करिब ८० लाख खर्चेर मझाउ खानेपानी आयोजना निर्माण गरिएको छ। आयोजनाका कोषाध्यक्ष लक्ष्मीनारायण कामती पानी नआउँदा पाइप बिग्रिएको बताउँछन्। उनको भनाइमा अरंगका तीन आयोजना अन्तर्गत चारवटा ओभरहेड ट्यांकी र पूर्वाधार निर्माणमा ३ करोड हाराहारी खर्च भएको छ।

फन्डबोर्डको सहयोगमा ग्रामीण सामुदायिक विकास केन्द्र धनुषाले ०७३ मा ७९ लाख ८९ हजार खर्चेर २१५ घरधुरीका लागि सुरु गरिएको खानेपानी आयोजना ०७८ मा पूरा गरेको थियो। ३० हजार क्षमताको ट्यांकी बनाएर पाइप र मिटरसमेत जडान गरिएको यो आयोजनाबाट उपभोक्ताका धारामा थोपो पानी चुहिएको छैन। सिरहाकै विष्णुपुर गाउँपालिका– १ को विष्णुपुर, हरिनगरा, शोभापुर, खोरिया र गौरीपुरमा आरयुसिसीले खानेपानीका चार आयोजना सुरु गरेको थियो। सोही योजनाअन्तर्गत ६ ठाउँमा ओभरहेड ट्यांकी बनाइएको छ। एक ठाउँको पानीमा आर्सेनिक भेटिएपछि योजना नै रोकिएको छ।

विष्णुपुर 'क' खानेपानी आयोजनामा करिब दुई करोड र विष्णुपुर 'ख' खानेपानीमा एक करोड १३ लाख खर्च भएको छ। 'क' मा ३२० र 'ख' मा २७६ घरधुरीका लागि दुई ठाउँमा २५ हजार लिटर क्षमताका ओभरहेड ट्यांकी बनाइएको छ। तर, ट्यांकीदेखि घरसम्म पानी पुर्‍याउन पाइपसमेत जोडिएको छैन। आयोजनाका तत्कालीन अध्यक्ष पशुपति यादवको घरमा १० लाखबराबरको पाइप र अन्य सामान थुप्रिएको छ। ०७९ को स्थानीय चुनावमा एमालेबाट वडाध्यक्षको उम्मेदवार भएपछि यादवले उपभोक्ता समितिबाट राजीनामा दिएका थिए। हरेक आयोजनामा ६० लाखका दरले खर्च भए पनि धारामा पानी नचुहिएको विष्णुपुर 'ख' खानेपानी आयोजनाका अध्यक्ष राजकुमार यादव स्विकार्छन्। आफ्नो वडामा २५ देखि ३५ हजार घनमिटरका खानेपानीका ट्यांकी निर्माण भए पनि खानेपानीको समस्या यथावतै रहेको उनले बताए।

सिराहामा चार गैरसरकारी संस्थाले ओभरहेड खानेपानी आयोजनाका २१ ट्यांकी निर्माण गर्न फन्डबोर्डसँग ०७३ जेठमा सम्झौता गरेको थियो। तीमध्ये २० वटाको काम पूरा भएको छ भने कल्याणपुर नगरपालिका– ८, जयपुरमा गाडिएको बोरिङ अलपत्र छ। सिरहा मात्र नभई मधेश प्रदेशका आठै जिल्लाको साझा समस्या हो यो। सबै जिल्लामा खानेपानीका आयोजना अलपत्र छन्। पर्यटन प्रवर्द्धनका नाममा विकास बजेट खर्चेर बनाइएका 'भ्युटावर'कै शैलीमा मधेशमा फन्डबोर्डको आयोजना अन्तर्गत १०औँ समूहमा एकै किसिमका १२५ वटा चारपाटे ओभरहेड ट्यांकी बनाएको छ। जुन ट्यांकीको डिजाइन फन्डबोर्डले नै गरेको हो। 'एक घर एक धारा' नारासहित फन्डबोर्डमार्फत २७ गैरसरकारी संघसंस्थाले त्यस्ता ट्यांकी बनाएका छन्।

०७३ मा सुरु भएका यी आयोजना ०७८ असारमा फेजआउट भएका थिए। यी आयोजनामा कुल लागतको २.५ प्रतिशत उपभोक्ताले नगद जम्मा गर्नुपर्ने तथा घरघरसम्म खानेपानीको पाइप बिछ्याउन जनश्रमदान गर्नुपर्ने सर्तसहित आयोजना अघि बढेको ग्रामीण खानेपानी सामुदायिक विकास केन्द्र (आरयुसिसी) धनुषाका अध्यक्ष रामचन्द्र साहले बताए। साहका अनुसार अहिले कुनै पनि आयोजना सञ्चालनमा छैनन्। 'पम्प हाउस बन्यो, इलेक्ट्रोमेकानिकल काम पनि भयो,' उनले भने, 'कतिपय ठाउँमा सडकमा पाइप बिछ्याउने काम भएन। निर्माण चरणमै ४८ महिना बित्यो।' उनका अनुसार ०७८ असारमा फन्डबोर्ड खारेज भएपछि सबै आयोजनाको जिम्मा खानेपानी विभागले लिएको छ।

**अनियमितताका नमुना**

महोत्तरीको मटिहानी नगरपालिका–९ को सिमरदही गाउँको महादेव मन्दिरनजिकै खानेपानी ट्यांकी निर्माण गरिएको छ। 'के–के गरेको हो, हामीलाई थाहा पनि छैन,' वडाध्यक्ष मदन चौधरी भन्छन्, 'बोरिङ कहिले पनि चालू भएन, पानी पनि आएन।' सय घरधुरीका लागि बनेको खानेपानी आयोजनामा करिब ६० लाख खर्चेको भए पनि प्रयोगमा आएको छैन। मटिहानीकै वडा नं १ को हिरापुर र सिराहीमा दुई ओभरहेड ट्यांकी बनाइएको छ। सबै संरचना तयार भएर पनि पानी नपुऱ्याउनुले अनियमितताको आशंका गर्छन् वडाध्यक्ष शिवशंकर राय। रायले भने, 'यो योजनामा जनतालाई देखाएर ठग्ने काम भएको छ।'

धनुषाको विदेह नगरपालिका–६ को एकराही र मुरिबामा समाज उत्थान युवा केन्द्र (एसयुवाइयुके) धनुषाले ७० लाख खर्चेर ओभरहेड ट्यांकी बनाएको छ। उपभोक्ता समितिका अध्यक्ष जयशंकर मण्डल खत्वे गरिब बस्तीलाई लक्षित गरी आयोजना निर्माण गरिए पनि पानी पुग्न नसकेको बताउँछन्। विदेह नगरपालिका– ६, मुरिबा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष शम्भुनाथ यादव ट्यांकी निर्माण गरी ३५० घरधुरीमा पानी पुऱ्याइएको भए पनि आयोजना अझै पूरा नभएको बताउँछन्। उनका अनुसार ६५ लाखको यो आयोजना फन्डबोर्ड खारेज भएपछि अधुरो हुन पुगेको हो। विदेह– ६ को मुरिबा र एकराहीमा दुई ओभरहेड खानेपानी ट्यांकी निर्माण गरिएको छ। तर, पनि पानी वितरण गर्न नसकिएको बताउँछन् नगरप्रमुख बेचन दास। उपभोक्ताले पानी नपाएपछि नगरपालिकाले आवश्यकताका आधारमा चापाकल वितरण गर्दै आएको मेयर दासले जानकारी दिए।

सर्लाहीको चन्द्रनगर गाउँपालिकाका १, ६ र ७ वडामा खानेपानीका तीन आयोजना निर्माण भए पनि सञ्चालनमा आएका छैनन्। चन्द्रनगरका ९ हजारभन्दा धेरै उपभोक्तालाई खानेपानी सुविधा पुऱ्याउने उद्देश्यले सञ्चालित तीनै आयोजना अलपत्र रहेको गाउँपालिका अध्यक्ष राजकुमार महतोले बताए।

–बाँकी अन्तिम पेजमा

# विश्व शान्ति र समृद्ध नेपालको नारासहित साइकल यात्रा



महोत्तरी, २० माघ। विश्व शान्ति र समृद्ध नेपालको नारासाथ साइकल यात्रा थालेका यात्री मंगलबार महोत्तरीको बर्दिबास आइपुगेका छन्। पूर्वको मेचीबाट पश्चिम महाकालीसम्मको यात्रा गत आइतबारबाट थालेका सात जना साइकल यात्री तेस्रो दिन बर्दिबास आइपुगेका हुन्। विश्व शान्ति र भातृत्व, स्वास्थ्य सचेतना र समृद्ध नेपालको कामना यात्राको अभिष्ट रहेको टोली नेता काठमाडौंको कीर्तिपुरका बासिन्दा ४० वर्षीय कवि महर्जनले बताए। 'वर्ल्ड साइकल टुर क्याम्पियन नेपाल' संस्थामा आबद्ध यात्रीले आसन्न प्रतिनिधिसभा निर्वाचनबाट मुलुकले राजनीतिक स्थायित्व र समृद्धिको बाटोमा अघि बढोस् भन्ने बाटोमा भेटिएका आम सर्वसाधारणको धारणा पाइएको बताएका छन्।

आफूहरु आबद्ध संस्थाको १०औँ वर्षगाँठको अवसर पारेर यसपालि 'नेपाल साइकल यात्रा' थालिएको टोली नेता महर्जनको भनाइ छ। यात्रामा महर्जनका अतिरिक्त अन्य ६ जना ललितपुरका हुन्। त्यसमा रविन्द्र बज्राचार्य, सरिता महर्जन, विकास शाक्य, निरु बज्राचार्य, भरत शाक्य र मञ्जु शाक्यको सहभागिता छ। यात्रीले पूर्वपश्चिम राजमार्ग आसपासका पर्यटकीय र धार्मिक महत्वका स्थलको अवलोकन गर्दै१५ दिनभित्र महाकाली पुग्ने लक्ष्य लिएका छन्। बर्दिबास आइपुगेका यात्रीलाई आज बर्दिबास उद्योग वाणिज्य संघका महासचिव उत्तमकुमार श्रेष्ठसहितका उद्योगी व्यवसायीले स्वागत गर्नुभयो। यात्रीहरुको टोली आजै बर्दिबासबाट निजगढ पुग्ने टोली संयोजक महर्जनले बताए।

## एक अर्ब सकियो...

उनका अनुसार आयोजना अलपत्र छाडेको संस्थाले पालिकासँग कुनै सम्पर्क गरेको छैन भने आयोजनासँग सम्बन्धित कागजात पनि पालिकासँग छैन। मधेश प्रदेशमा सञ्चालित यी परियोजनामा १४ स्थानीय गैरसरकारी संस्थाले हात हालेका थिए। अरुणोदय युवा क्लब, महुवन (एवाइसिएम)ले दुई आयोजना, रौतहटमा विकासको लागि साथीहरू नेपाल ( एफएफडिएन)ले ६ आयोजना र सेभ द इन्भारोमेन्ट अफ नेपाल ( एसटिइएन) ले ती आयोजना, जनताको ग्रामीण विकास तथा जनजागृति कार्यक्रम ( पिआरडिएपिएस/एमडिजेयुएस)ले महोत्तरी र धनुषामा ६ आयोजना, महोत्तरीमा ग्रामीण सामुदायिक विकास तथा सेवा परिषद् ( आरसिडिएससी)ले सात र रतौली युवा क्लब (आरवाइसी/डब्लुएएस) ले चार गरी ११ आयोजना पूरा गर्न नसकेपछि फन्डबोर्डले सार्वजनिक सूचना निकालेको थियो।

सर्लाहीमा राष्ट्रिय रोजगार प्रवर्द्धन केन्द्र (आरआरपिके सर्लाही) ले ६, बागमती सेवा समाज नेपाल ( बिडब्लुएसएन) ले ६, समाज सेवा युवा संघ (एसएसवाइएस) चार, ग्रामीण सामुदायिक विकास केन्द्र ( भिसिडिसी)ले चार गरी १९ आयोजना अघि बढाएका थिए। सप्तरीमा श्रीपूराज सामुदायिक विकास केन्द्र (एससिडिसी–सप्तरी) ले चार र सेभ द सप्तरी (एसटिएस) ले पाँच गरी नौ आयोजना अधुरो राखेपछि ताकेता गरिएको थियो। धनुषामा सामाजिक विकास र अनुसन्धान केन्द्र (एसडिआरसी–जेएएनपी) ले आठ र समाज उत्थान युवा केन्द्र (एसयुवाइयुके) ले पाँच गरी १३ आयोजना अधुरो भएपछि फन्डबोर्डले सूचना निकालेर ती संस्थालाई ताकेता गरेको थियो।

**खानेपानीमा फस्टाएको राजनीति**

खानेपानी घरघरमा पुऱ्याउने नाममा परियोजना हात पार्न प्रदेशका मन्त्रीदेखि पालिका प्रमुखसम्मले ठुलै जोडबल गरेका थिए। यसका लागि प्रदेशका तात्कालीन मन्त्रीहरू ज्ञानेन्द्रकुमार यादव (जसपा), शेषनारायण यादव (कांग्रेस) देखि पालिकाका प्रमुख, प्रतिनिधिसभा सदस्यका उम्मेदवारसम्मले आ–आफ्ना संस्थालाई परियोजना दिलाउनका लागि दबाब दिए। फन्डबोर्डका अधिकारीहरू राजनीतिक पहुँच निकटका संघसंस्थासँग सम्झौता गर्न बाध्य भए। तत्कालीन आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्रकुमार यादव नेतृत्वको समाज उत्थान युवा केन्द्र ( एसयुवाइयुके) धनुषाले पाँच आयोजनामा हात हालेको थियो। तीमध्ये कुनै पनि आयोजना पूरा भएको छैन।

धनुषाको विदेह नगरपालिका– ६ को एकराही र मुरिबामा दुई ओभरहेड ट्यांकी बनाइएको छ। तर, घरहरूमा पानी पुग्न नसकेको पूर्वमन्त्री यादव स्विकार्छन्। आयोजना निर्माणको अन्तिम चरणमा फन्डबोर्डले हात झिकेपछि अलपत्र परेको भन्दै उनले त्यसमा स्थानीय उपभोक्ता र पालिकाले लगानी गर्न सक्ने अवस्था नभएको बताए। यसबाट खानेपानी विभाग पन्छिन नमिल्ने यादवको भनाइ छ। त्यस्तै, तत्कालीन खानेपानीमन्त्री शेषनारायण यादवको संस्था सामाजिक विकास र अनुसन्धान केन्द्र (एसडिआरसी–जेएएनपी) धनुषाले आठ आयोजनामा काम गरेको थियो। तर, कुनै पनि आयोजना पूरा नगरेपछि बोर्डले सूचना नै जारी गरेको थियो। पूर्वमन्त्री यादवले प्रदेशका आयोजनाबारे कुनै चासो राखेका छैनन्। ०७४ को स्थानीय तह निर्वाचनमा पर्सागढी नगरपालिकाको मेयरमा कांग्रेसबाट निर्वाचित लोकनारायण यादवको संस्था सूर्य उदय युवा क्लबले सिराहाको नरहा गाउँपालिकाका ४ र ५ वडामा निर्माण गरेको ओभरहेड खानेपानी आयोजना अलपत्र छ। फन्डबोर्ड खारेज भएपछि आयोजनाको सबै काम ठप्प छ।

सोही निर्वाचनमा एमालेबाट जलेश्वर नगरपालिकाको मेयरमा प्रतिस्पर्धा गरेका रामाधार कापरको ग्रामीण सामुदायिक विकास तथा सेवा परिषद् (आरसिडिएससी)ले महोत्तरीको मटिहानी, पिपरालगायतका स्थानीय तहमा सात ओभरहेड खानेपानी आयोजना निर्माण गरेको छ। फन्डबोर्ड खारेज भएर सबै जिम्मेवारी विभागमा पुगेपछि आयोजनाको काम ठप्प भएको कापरको भनाइ छ। 'कुनै ठाउँमा बोरिङ बिग्रिएको छ,' उनले भने, 'पालिकासँग समन्वय गरे पनि राजनीतिक रूपमा हेरेकाले ओभरहेड ट्यांकी प्रयोगमा आएको छैन।'

सोही निर्वाचनमा कांग्रेसबाट सप्तरीको राजविराज नगरपालिकाको मेयरका प्रतिस्पर्धी ध्रुव देव नेतृत्वमा रहेको सेभ द सप्तरी संस्थाले सप्तरीमा पाँच योजनामा काम गरेको छ। देवका अनुसार संरचनासँगै पाइप बिछ्याइएको भए पनि जनसहभागिता नभएपछि काम अधुरो भएको र उपभोक्ता समितिकै जिम्मामा निर्माण सामग्रीहरू राखिएको छ। त्यस्तै, सोही निर्वाचनमा महोत्तरीको पिपरा गाउँपालिकाको अध्यक्षमा राष्ट्रिय जनता पार्टी (राजपा) बाट निर्वाचित विनोदकुमार चौधरीका भाइ बैजनाथ नेतृत्वको संस्था रतौली युवा क्लबले पिपरा, भंगाहामा खानेपानी ओभरहेडका चार ट्यांकी निर्माण गरेकोमा धारामा पानी चुहिएको छैन।

ती आयोजनामा गैरसकारी संस्थाहरूले ढिलाइ गरेपछि फन्डबोर्डले दुईपटक सूचना जारी गरेको थियो। ३० फागुन ०७६ मा पहिलोपटक सूचना जारी गर्दै परियोजनामा संलग्न कतिपय संस्था एवं उपभोक्ता समितिहरूले गरेका लिखित प्रतिबद्धताअनुसार कार्यप्रगति नदेखिएको, कार्यसम्पन्न प्रतिवेदन नबुझाएको र पटक–पटक ताकेता गर्दासमेत बेवास्ता गरेको भन्दै काम सम्पन्न नगर्ने संस्थाका अध्यक्ष, टिम लिडर तथा उपभोक्ता समितिहरूलाई कारबाही गरिने जानकारी गराएको थियो। त्यस्तै, २० असोज ०७८ मा अर्को सूचना जारी गर्दै परियोजना सम्पन्न नगरेका र अन्तिम प्रतिवेदन पेस नगरेका संघसंस्थाको सूची सार्वजनिक गरेको थियो।

मधेश प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा. सोहन साह मधेशका दक्षिणी र उत्तरी क्षेत्रमा भूमिगत पानीको अवस्थाबारे अध्ययन गर्नुपर्ने आवश्यकता औँल्याउँछन्। मधेशका खानेपानीमन्त्री जवाहरलाल कुशवाह कुनै पनि निकायले बनाएका अधुरा आयोजना मर्मत–सम्भार गरी सञ्चालनमा ल्याउनुपर्ने बताउँछन्। पर्याप्त बजेट नभए पनि अधुरा आयोजना सम्पन्न गर्न प्रदेश सरकारले आवश्यक समन्वय गर्ने मन्त्री कुशवाहले आश्वासन दिए। काम गर्न नसकेका गैरसरकारी संघसंस्थालाई नियमनमा ल्याउनुपर्ने पनि बताए। खानेपानी तथा ढल निकास व्यवस्थापन विभागका तत्कालीन महानिर्देशक इन्जिनियर रामकुमार श्रेष्ठ अधुरा योजनाहरूको अवस्थाबारे विभागका तर्फबाट अनुगमन भइरहेको बताउँछन्। कतिपय परियोजनामा स्थानीयको श्रमदानको समस्या, कतिपय स्थानीय तहले आयोजनाको अपनत्व नलिनु तथा विश्व बैंकले हात झिक्दा आयोजना अलपत्र परेको स्विकार्दै महानिर्देशक श्रेष्ठले अधुरो आयोजना सञ्चालनमा ल्याउन अर्थ मन्त्रालयसँग स्रोत सहमतिको आवश्यक प्रक्रिया अघि बढाइएको जानकारी दिए। फन्डबोर्डका तत्कालीन आयोजना प्रमुख सञ्जय मिश्रा खानेपानी विभागले आवश्यक बजेट विनियोजन गरी योजना पूरा गर्नुपर्ने बताउँछन्। विभागले स्थानीय र प्रदेश सरकारसँग समन्वय गरी निकास निकाल्नुपर्ने मिश्राको भनाइ छ।

खानेपानी तथा ढल व्यवस्थापन कार्यालय जनकपुरका प्रमुख इन्जिनियर मिहिर आचार्यका अनुसार पुराना अधुरा आयोजना सञ्चालन गर्न संघीय सरकारले ३ करोड छुट्याएको छ। जसबाट पहिलो चरणमा सिराहा, सप्तरी, धनुषा र महोत्तरीका एक–एक योजना छनोट गरी सञ्चालनमा ल्याउने तयारी भइरहेको छ। तर, फन्डबोर्डका योजनाका लागि भने बजेट छुट्याइएको छैन। उता, खानेपानी तथा ढल व्यवस्थापन विभागका योजना शाखा इन्जिनियर धीरज खड्का फन्डबोर्ड खारेज हुने क्रममा मधेशका ४२ आयोजना अनगोइङ भन्दै आफूहरूलाई बोर्डका कर्मचारीले कागजात बुझाएको बताउँछन्। स्थलगत अध्ययनमा सिराहा, सप्तरी, महोत्तरी र धनुषाका योजनाहरू अधुरो पाएको उनले जानकारी दिए। फन्डबोर्ड र अन्य निकायबाट निर्माण गरिएका आयोजनाको स्थलगत सर्वे गरिएको भन्दै संघीयमातहतका वीरगन्जमा ६ करोड र जनकपुरधाम कार्यालयमा छुट्याएको ३ करोडबाट मर्मतसम्भार गर्न लागिएको खड्काले बताए।

# पहिलो पटक आमाको नामबाट नागरिकता



सर्लाही, २० माघ। जिल्ला प्रशासन कार्यालय सर्लाहीले आमाको नामबाट नागरिकता वितरण गर्न सुरु गरेको छ। सोमबार लालबन्दी नगरपालिका–७, का राममनोहर गुप्तालाई जिल्लामै पहिलो पटक आमाको नामबाट नागरिकता प्रदान गरिएको हो। सर्लाहीका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले हस्ताक्षर गरेर गुप्तालाई आमाको नामबाट अङ्गीकृत नागरिकता प्रदान गर्नुभएको हो। गुप्ताकी आमा रामकुमारी साहले भारत विहारका महेन्द्रप्रसाद गुप्तासँग विवाह गर्नुभएको थियो। नेपाल नागरिकता ऐन, २०६३ दोस्रो संशोधन र नागरिकता नियमावली, २०६३ चौथो संशोधनका आधारमा बुवा विदेशी र आमा नेपाली भएकाले गुप्तालाई आमाकै नामबाट अङ्गीकृत नागरिकता वितरण गरिएको हो।

आवश्यक प्रक्रिया र कागजात पुगेकाले अब यसै गरी सदरमुकाम मलंगवास्थित जिल्ला प्रशासन कार्यालयमा आएर आमाको नामबाट नागरिकता बनाउन सक्ने प्रमुख जिल्ला अधिकारी कडरियाले बताउनुभयो। उहाँका अनुसार लालबन्दी–७ का गुप्ताले जिल्लामै पहिलो पटक आमाको नामबाट नागरिकता माग गर्दै निवेदन दिएका र वडा कार्यालय, स्थानीय प्रहरीलगायतबाट सबै प्रक्रिया पूरा गराई नागरिकता उपलब्ध गराइएको हो।

**–बाँकी अन्तिम पेजमा**


## श्री आधारभूत विद्यालय ईटाटार तेनुवापट्टी

**औरही गाउँपालिका–४**

**जिल्लाः सिरहा, मधेश प्रदेश (नेपाल)**

### शिक्षक विज्ञापन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२।१०।२०**

प्रस्तुत सम्बन्धमा यस विद्यालयमा गा.पा. औरहीको च.न.८३७ र मिति २०८२/१०/०२ को विज्ञापन अनुमति पत्र र शिक्षा विकास तथा समन्वय इकाइको चन. ८६७, मिति २०८२/१०/०४ को विज्ञापन अनुमति पत्र अनुसार मिति २०८२/१०/०४ गते गरिएको विज्ञापनको सुचनाबाट तोकिएको म्याद भित्र शिक्षक सेवा आयोगको करार सुचिकृतवाट कसैको पनि आवेदन नआएकोले पुनः विद्यालय व्यवस्थापन समितिको मिति २०८२/१०/१९ गतेको निर्णय अनुसार संघिय शिक्षण सिकाई अनुदान खुल्ला विज्ञापनबाट गणित विषयको शिक्षक पदपूर्तिको लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रित पूर्वक आवेदन आहवान गरिएको छ। म्याद नाघि आएको र रित नपुगेको आवेदन उपर कुनै कार्यवाही नहुने व्यहोरा सुचित गरिन्छ।

**तपसिलः**

१. विज्ञापन नं. २.२०८२ ०८३
२. विषयः– गणित
३. तहः नि.मा.वि. कक्षा ६–८।
४. श्रेणीः– तृतिय
५. पद संख्या : १ (एक)
६. नियूक्तिको किसिमः अस्थायी करार
७. शैक्षिक योग्यताः सम्बन्धित विषयमा १२ कक्षा उत्तीणं वा सो सरह
८. उमेर १८ वर्ष पुरा भई र ४० वर्ष ननाघेको
९. आवेदन दस्तुरः रु १,५००। (एक हजार पाँच सय मात्र।)
यस विद्यालयको व हि. न. ११२००८१९७०८०००१२ मा NMB BAINK शाखा औरहीमा जम्मा गरेको सक्कल भौचर आवेदन साथ पेश गर्ने पर्ने छ।
१०. परीक्षाको किसिमः लिखित, अन्तांता र आवश्यक परेमा प्रयोगात्मक समेत हुनेछ
११. तलब तथा अन्य सुविधाः सरकारी नियमानुसार
१२. आवेदन दिने अन्तिम मितिः मिति २०८२।११।०५ गते सम्म
१३. आवेदन पेश गर्ने स्थानः श्री आ.वि. ईटाटार तेनुवापट्टी औरही–४, सिरहा
१४. सम्पर्क मितिः २०८२।११।०८ गते
१५. परीक्षाको मिति र स्थानः सम्पर्क मितिमा तोकिने छ।
१६. आवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः
- शिक्षक पदका नागि हस्तलिखित आवेदन
- शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि
- नेपाली नागरिकताको प्रमाषणापत्रको प्रतिलिपि
- अध्यापन अनुमति पत्रको प्रतिलिपि
- निरोगिता प्रमाणपत्र
- हालसालै खिचिंएको पासपोर्ट साईजको फोटोः २ प्रति

१७. वप जानकारीको लागि सम्पर्क नं.: ९८६२९६७३८६

**प्रधानाध्यापक**


## सिरहा–३ मा ...

र कमला नदीमा स्थायी पुलको पुनर्निर्माणसहितका आवश्यकता यस क्षेत्रका जनताले गरेका छन्। सिराहास्थित सत्यनारायण सूर्यनारायाण मोरवैता क्याम्पसको पुरानो साख जोगाउन भरपर्दो आधार, प्राविधिक शिक्षाको व्यवस्थापन, सलहेस पर्यटनको विकास, स्वदेशमा रोजगारीसहितका विषयमा चुनावी विश्वसनीय प्रतिबद्धताको प्रतीक्षामा सचेत मतदाता रहेका छन्।

यस पटक जाति र भूगोलभन्दा परिवर्तनको आवाज मतदाताले व्यक्त गरिरहेकाले नयाँ र पुरानो पुस्ताबिच प्रतिस्पर्धा हुन सक्ने सम्भावनालाई समेत नकार्न नसकिने पत्रकार अर्जुन थपलियाको भनाइ छ। यस क्षेत्रमा ह्याट्रिक लगाउने कसरतमा पूर्वन्याय तथा कानुनमन्त्री नेकपा (एमाले) का उम्मेदवार लीलानाथ श्रेष्ठ लाग्नुभएको छ भने २०७९ को निर्वाचनमा थोरै मतले पराजित पूर्वशान्तिमन्त्री नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार विश्वनाथ साह मिहिनेत गरिरहनुभएको छ।

## फिरौती असुल्ने...

एवं प्रहरी नायव उपरीक्षक रमेश बहादुर पालले जानकारी दिए। पत्राउ परेका दुवैमाथि शरीर बन्धक सम्बन्धी कसुरमा अदालतबाट म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको छ।

# बालेनभन्दा 'फ्यान फलोइङ' मा रेखा र सान्भी धेरै माथि




काठमाडौं, २० माघ। पछिल्लो समय राष्ट्रिय राजनीतिमा देखापरेको 'पपुलिज्म' प्रवृत्तिलाई विकृतिको डरलाग्दो रुप मान्न थालिएको छ। समाजिक सञ्जालको लाइक, भ्युज र फ्लोअर संख्यालाई नै 'नेता' बन्ने र बनाउने मापदण्ड भन्न थालिएको छ। यसकारण दक्ष र क्षमतावान मान्छेहरु पपुलिष्टहरुको अगाडि ओझेलमा पर्दै गएका छन्। तर सामाजिक सञ्जालको फ्यान फ्लोइङकै आधारमा 'नेता' बनेको व्यक्तिले के साँच्चै मुलुकलाई नेतृत्व दिनसक्छ ? डिजिटल दुनियाँमा रमाइरहेको व्यक्तिले कसरी समाजको वस्तुस्थित बुझ्नसक्ला ? फेसबुकमा स्टाटस तथा फोटो सेयर गर्दैमा मुलुक कायापलट हुने हो र ? उसको नीति र विचार के होला ? लगायतका प्रश्न नागरिकले सोध्नुपर्ने भएको छ।

केही दिनयता राष्ट्रिय स्वतन्त्र पार्टीका 'साइबर सेना'ले वरिष्ठ नेता बालेन साह नै नेपालका सबैभन्दा धेरै फ्यान फलोइङ भएको दाबी गरिरहेका छन्। हालसम्म अधिकतम (३४ लाख) फ्लो गरिएकी अभिनेत्री रेखा थापासँग बालेन डिजिटल फ्लोइङको प्रतिस्पर्धामा देखिएपछि यस्तो चर्चा सुरु भएको हो। यद्यपि, कतिपयले 'फ्यान फ्लोइङकै आधारमा प्रधानमन्त्री बन्ने भए रेखा थापालाई बनाइदिए हुन्छ' भन्दै बालेनलाई कटाक्ष समेत गरिरहेका छन्। तर प्रश्न उठ्छ, के साँच्चै बालेन नै नेपालमा सबैभन्दा बढी फ्लो गरिएका व्यक्ति हुन् त ? तथ्य भन्छ– होइन। कन्टेन क्रियटर सान्भी भगत हालसम्मको अधिकतम (४० लाख) फ्लो गरिएकी नेपाली हुन्। जनकपुर घर भएकी उनी चर्चित सेलिब्रेटी भने होइनन्। उनी मैथली, नेपाली, हिन्दीलगायत भाषाका गीतमा नाचेको भिडियो बनाउँछिन्। टिकटक र इन्स्टाग्राम पनि उनको फ्यान फलोइङ लोभलाग्दो छ। सबैभन्दा बढी फ्यान फ्लोइङ भए पनि सान्भी राजीनितबाट भने टाढा छिन्। हाल स्नातक तह अध्ययनरत उनले अभिनयमा रुची राखेको देखिन्छ।

बालेनको फ्यान फलोइङलाई मापदण्ड बनाएर 'भावी प्रधानमन्त्री' करार गरिरहेका रास्वपा समर्थकहरुले चलाएको मिडिया ट्रायललाई आधार मान्ने हो भने सान्भी प्रथम दृष्टिकोणमै प्रधानमन्त्रीको दावेदार हुन्। तर डिजिटल दुनियाँ र वस्तुस्थित फरक हुन भन्ने कुरामा उनी सचेत रहेको देखिन्छ। अब आगामी निर्वाचनमा पनि डिजिटल दुनियाँको 'पपुलर फेस'लाई मत दिने कि वस्तुस्थित बुझेको काबिल उम्मेदवारलाई ? यसबारे आम नागरिकले पनि आत्मसमीक्षा गर्नुपर्ने भएको छ।

# सिरहामा खैरो हेरोइनसहित २७ वर्षीया महिला पक्राउ

सिरहा, २० माघ। सिरहा नगरपालिका ट्राफिक चोकमा पैदल हिँडिरहेकी महिलाको साथबाट खैरो हेरोइनजस्तो पदार्थ बरामद भएपछि प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार मिर्चैया नगपालिका– ५ की करिब २७ वर्षीया मनीषाकुमारी मण्डललाई प्लास्टिकबाहेक दुई ग्राम १९० मिलिग्राम खैरो हेरोइनसहित पक्राउ गरिएको हो।

सिरहा हुँदै विष्णुपुरतर्फ पैदल आउँदै गरेकी मण्डललाई शंका लागेर चेकजाँच गर्दा शरीरको कपडामा लुकाएको खैरो हेरोइन बरामद भएपछि पक्राउ गरिएको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

त्यस्तै कर्तव्य ज्यान मुद्दामा संलग्न भई विगत ११ वर्षदेखि फरार रहेका एक प्रतिवादीलाई सिरहा प्रहरीले पक्राउ गरेको छ। वि.सं. २०७१ सालदेखि फरार रहेका साविक औरही गाउँविकास समिति वडा नं. ८ का ५६ वर्षीय मिठु साफी धोवीलाई प्रहरीले गत माघ १५ गते गाउँघरमै लुकीछिपी बसिरहेको अवस्थामा नियन्त्रणमा लिएको हो। घटना विवरण अनुसार २०७१ भदौ १९ गते बिहान स्थानीय ४५ वर्षीय डोमा सदाय आफ्नै घरमा मृत अवस्थामा फेला परेका थिए। उक्त घटनाको अनुसन्धानका क्रममा मृतककी पत्नी अमोलिया देवी सदायले किटानी जाहेरी दिएकी थिइन्। अनुसन्धानबाट घटना भएको रात मिठु साफी र डोमा सदायबिच मादक पदार्थ सेवन गरी विवाद र झै–झगडा भएको तथ्य खुलेको थियो। प्रहरी नायव उपरीक्षक एवं सूचना अधिकारी रमेश बहादुर पालका अनुसार अहिले घटनाको विषयमा थप कानुनी अनुसन्धान भइरहेको छ।

# बेवारिसे शवले गजेन्द्रनारायण सिंह अस्पतालमा समस्या




**विनय कर्ण**

सप्तरी, २० माघ। लामो समयदेखि बेवारिसे शव राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा राखिरहँदा समस्या उत्पन्न भएको छ। सप्तरीको विभिन्न ठाउँमा फेला परेका आठवटा बेवारिसे शव अस्पतालको पोष्टमार्टम कक्षमा थन्किएर राखिदा अस्पतालमा समस्या उत्पन्न भएको हो। अस्पतालको पोष्टमार्टम कक्षमा चार महिनादेखि आठ जनाको शव राखिएको अस्पतालको मेडिकल रेकर्ड मेडिको लिगल शाखाका प्रमुख मनोज देवले जानकारी दिनुभयो।

"बेवारिसे अवस्थामा भेटिएको ती शवहरु प्रहरीले पोष्टमार्टमका लागि ल्याएको थियो, तर पहिचान नखुल्दा शव अस्पतालमै राखिएको छ," उनले भने। अस्पतालको पोष्टमार्टम कक्षभित्रको डीफ्रीजमा ती शव हरु राखिएको र अब कुनै शव आउँदा राख्ने ठाउँ समेत नरहेको देवले बताए। पटकपटक यी शवको व्यवस्थापन गर्न सम्बन्धित निकायसँग आग्रह गरेपनि कसैले चासो नलिएको उनको गुनासो छ।

विद्युत कट्दा अस्पताल परिसरमा दुर्गन्ध फैलिने गरेको त्यहाँका चिकित्सकहरु बताए।

अस्पतालमा राखिएको शव सदरमुकाम राजविराजसहित कञ्चनरुप नगरपालिका तथा बिष्णुपुर र रुपनी गाउँपालिकाको छुट्टाछुट्टै स्थानमा बेबारिसे अवस्थामा भेटिएको थियो। बिभिन्न मितिमा भेटिएका शवहरुको हालसम्म पहिचान हुन नसक्दा पोष्टमार्टम कक्षमा राखिएको छ।

कञ्चनरुप नगरपालिकाको छुट्टाछुट्टै ठाउँबाट दुई पुरुष र एक महिला, बिष्णुपुर गाउँपालिका वडा नम्बर ७ बाट एक पुरुष, रुपनी गाउँपालिकाबाट एक पुरुष, राजविराज नगरपालिका ६ बाट एक पुरुष, राजविराज–१४ बाट एक बालिका र राजविराज नगरपालिका वडा नम्बर ४ बाटै एक बालिकाको शव भेटिएको थियो।

भेटिएको शव पोष्टमार्टमका लागि प्रहरीले अस्पताल ल्याएको थियो। तर शवको सनाखत हुन नसक्दा कोही पनि लिन नआएकोले शव यही राखिएको छ। वेवारिसे शव भेटिएको पालिकाकाले शव व्यवस्थापन गर्ने व्यवस्था छ। तर ती पालिकाहरुले कुनै पनि चासो नलिएको अस्पतालको मेडिकल रेकर्ड मेडिको लिगल शाखाका प्रमुख देवको भनाइ छ। "हामीले शव भेटिएका पालिकासहित प्रमुख जिल्ला अधिकारीसम्म गुहार लगाएका छौं। तर कसैले कुनै चासो लिएको छैन्। अब कुनै शव आउँदा राख्ने ठाउँ छैन" देवले भने।

## पहिलो पटक...

इलाका प्रशासन हरिवन र बरहथवाबाट समेत नियमित नागरिकता प्रदान हुने गरेको भए पनि अङ्गीकृत नागरिकतामा प्रमुख जिल्ला अधिकारीको मात्र हस्ताक्षर हुने कानुनी व्यवस्था रहे अनुसार जिल्लामा आमाको नामबाट नागरिकता लिने व्यक्ति जिल्ला प्रशासन कार्यालयमै आउनुपर्ने प्रमुख जिल्ला अधिकारी कडरियाको भनाइ छ। नागरिकता नियमावलीमा आमाको नामबाट नागरिकता प्राप्त गर्न अपनाउनुपर्ने प्रक्रियाबारे जिल्लाका २० वटै पालिकामा परिपत्र गरिएको जिल्ला प्रशासन कार्यालय सर्लाहीले जनाएको छ।


# श्री आधारभूत विद्यालय ईटाटार तेनुवापट्टी

**औरही गाउँपालिका–४**

**जिल्लाः सिरहा, मधेश प्रदेश (नेपाल)**

## शिक्षक विज्ञापन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२।१०।२०**

प्रस्तुत सम्बन्धमा यस विद्यालयमा गा.पा. औरहीको च.न.८३७ र मिति २०८२/१०/०२ को विज्ञापन अनुमति पत्र र शिक्षा विकास तथा समन्वय इकाइको च.न. ८६७, मिति २०८२/१०/०४ को विज्ञापन अनुमति पत्र अनुसार मिति २०८२/१०/०४ गते गरिएको विज्ञापनको सुचनाबाट तोकिएको म्याद भित्र शिक्षक सेवा आयोगको करार सुचिक्तबाट कसैको पनि आवेदन नआएकोले पुनः विद्यालय व्यवस्थापन समितिको मिति २०८२/१०/१९ गतेको निर्णय अनुसार संघिय शिक्षण सिकाई अनुदान खुल्ला विज्ञापनवाट अंग्रेजी विषयको शिक्षक पदपूर्तिको लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रित पूर्वक आवेदन आहवान गरिएको छ। म्याद नाघि आएको र रित नपुगेको आवेदन उपर कुनै कार्यवाही नहुने व्यहोरा सुचित गरिन्छ।

**तपसिलः**

१. विज्ञापन नं.:– १/२०६२/०६३
२. विषयः अंग्रेजी
३. तहः नि.मा.वि (कक्षा ६–८)
४. श्रेणीः– तृतिय
५. पद सः १(एक)
६. नियुक्तिको किसिमः अस्थायी करार
७. शैक्षिक योग्यताः सम्बन्धित विषयमा १२ कक्षा उत्तीणं वा सो सरह
८. उमेर १८ वर्ष पुरा भई र ४० वर्ष ननाघेको
९. आवेदन दस्तुरः रु.१,५०० (एक हजार पाँच सय मात्र।)
   यस विद्यालयको व.हि.न ११२००८१९७०८०००१२ मा NMB BAINK शाखा औरहीमा जम्मा गरेको सक्कल भौचर आवेदन साथ पेश गर्नु पर्ने छ।
१०. परीक्षाको किसिमः लिखित अन्तर्वाता र आवश्यक परेमा प्रयोगात्मक समेत हुनेछ
१५. तलव तथा अन्य सुविधाः सरकारी नियमानुसार
१२. आवेदन दिने अन्तिम मितिः मिति २०८२/१५/०५ गते सम्म
१३. आवेदन पेश गर्ने स्थानः श्री आ वि. ईटाटार तेनुवापट्टी औरही–४, सिरहा
१४. सम्पर्क मितिः २०८२/११ ०८ गते
१५. परीक्षाको मिति र स्थानः सम्पर्क मितिमा तोकिने छ।
१६. आवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः
   - शिक्षक पदका लागि हस्तलिखित आवेदन
   - शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि
   - नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
   - अध्यापन अनुमति पत्रको प्रतिलिपि
   - निरोगिता प्रमाणपत्र
   - हालसालै खिचिएको पासपोर्ट साईजको फोटोः २ प्रति
१७. थप जानकारीको लागि सम्पर्क नं.: ९८६२९६७३८६

**प्रधानाध्यापक**


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)